# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०८०।०८१

## सटर भाडामा लगाउने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८०/०४/२८

रामग्राम नगरपालिका नगरकार्यपालिकाको कार्यालयको स्वामित्वमा रहेको देहायका सटरहरु बहालमा लगाउन वार्ता प्रक्रिया द्वारा आय ठेक्का गर्नु पर्ने भएकोले ईच्छुक व्यक्तिहरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही लिखित निवेदन पेश गर्नका लागि यो ७ (सात) दिने सूचना सम्बन्धित सबैका लागि प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. सटर बहालमा लिनेले लिखित निवेदन सहित सूचना प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समय भित्र खाम बन्दी गरी दर्ता गर्नु पर्ने छ । दर्ता भएको खाम बन्दी निवेदन सोको भोली पल्ट कार्यालयका प्रतिनिधिहरुको रोहबरमा दिनका १०:०० बजे खोलिने छ । निवेदन खोल्दा, निवेदक वा निजको प्रतिनिधि उपस्थित नभए पनि निवेदन खोल्न बाधा पर्ने छैन् ।

२. खाम बन्दी निवेदन दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन खाम बन्दी निवेदन दाखिला गर्न र खोल्न सकिनेछ ।

३. निवेदकले आफुले कबोल गरेको मासिक बहाल रकमको बिडवन्ड सरह कम्तीमा १२ महिना बराबर बहाल रकमको १० प्रतिशतले हुने रकम रामग्राम नगरपालिकाको कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक, परासी शाखामा रहेको धरौटी खाता नं. च.हि.नं. ३१००१००३०३००००२ ग ३ मा जम्मा गरेको सक्कल भौचर वा नगदै खाम भित्र पेश गर्नु पर्ने छ । तोकिएको समय भित्र समझौता गर्न न आएमा निजले राखेको धरौटी रकम स्वत: जफत हुने छ ।

४. खाम बन्दी निवेदनको बाहिर रामग्राम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्वोधन गरी सम्बन्धित सटर (पसल घर) को कोठा नं. स्पष्ट रुपमा उल्लेख गरिनुको साथै निवेदन दाताले पनि आफ्नो नाम र ठेगाना उल्लेख गरि पेश गर्नुपर्ने छ ।

५. निवेदन दाताले पेश गरेका कबोल अंक र अक्षरमा उल्लेख गरि पेश गर्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिइने छ।

६. निवेदन दाताले आफूले कबोल गरेको मासिक भाडा रकम को ६ महिनाले गुणान गर्दा हुन आउने रकम समझौता गर्दा वखत धरौटी वापत रामग्राम नगरपालिकाको कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक, परासी शाखामा रहेको धरौटी खाता नं. च.हि.नं. ३१००१००३०३००००२ ग ३ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ ।

७. पेश भएको निवेदन स्वीकृत गर्ने वा नगर्ने, कुनै कारण जनाई वा नजनाई सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

८. म्याद नाघी आएको रित नपुगेको, शर्त राखिएको निवेदन उपर कुनै कारवाही गरिने छैन् ।

९. सटर कोठाको बहाल रकम संझौता भएको मिति देखि २/२ वर्षमा भाडा रकम मा १० प्रतिशतले स्वत: वृद्धि हुनेछ ।

१०. पहिला देखि सटर भाडामा लिनेको बहाल बुझाउन बाकी भए निवेदन पेश गर्नु भन्दा अगाडी बुझाई सक्नु पर्ने छ । अन्यथा निज वा निजको परिवार सटर बहालमा लिन पाउन योग्य मानिने छैन ।

११. घरबहाल (भाडा) मा लिई सकेपछि प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर घर सटर बहालमा लिनेले बुझाउनु पर्ने छ ।

१२. सटरहरुको समयावधी २०८५ असाढ मसान्त सम्मका लागि हुने छ ।

१३. यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व उपशाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिने छ ।

...ीय अधिकृत

तपसिल:

भूमही-परासी सडक खण्डको पश्चिम मोहडामा भएको सटरहरु

| क्र.सं. | सटर नं. | मासिक न्यूनतम बहाल (भाडा) रकम रु. | क्र.सं. | सटर नं. | मासिक न्यूनतम बहाल (भाडा) रकम रु. |
|---|---|---|---|---|---|
| १ | १ | ३०००।०० | ९ | ९ | ३०००।०० |
| २ | २ | ३०००।०० | १० | १० | ३०००।०० |
| ३ | ३ | ३०००।०० | ११ | ११ | ३०००।०० |
| ४ | ४ | ३०००।०० | १२ | १२ | ३०००।०० |
| ५ | ५ | ३०००।०० | १३ | १३ | ३०००।०० |
| ६ | ६ | ३०००।०० | १४ | १४ | ३०००।०० |
| ७ | ७ | ३०००।०० | १५ | १५ | ३०००।०० |
| ८ | ८ | ३०००।०० | १६ | १६ | ३०००।०० |

भूमही-परासी सडक खण्डको पूर्व मोहडामा भएको सटरहरु

| | | | | | |
|---|---|---|---|---|---|
| १ | १ | २०००।०० | ५ | ५ | २०००।०० |
| २ | २ | २०००।०० | ६ | ६ | २०००।०० |
| ३ | ३ | २०००।०० | ७ | ७ | २०००।०० |
| ४ | ४ | २०००।०० | ८ | ८ | २०००।०० |

हुलाकी सडक दक्षिण मोहडा :

| | | | | | |
|---|---|---|---|---|---|
| १ | १२ | ७५००।०० | २ | १३ | ६०००।०० |

पटखौली हाटबजार

| | | | | | |
|---|---|---|---|---|---|
| १ | १ | ३०००।०० | ६ | ६ | ३०००।०० |
| २ | २ | ३०००।०० | ७ | ७ | ३०००।०० |
| ३ | ३ | ३०००।०० | ८ | ८ | ३०००।०० |
| ४ | ४ | ३०००।०० | ९ | ९ | ३०००।०० |
| ५ | ५ | ३०००।०० | | | |

रामनरेश राय
(नि.प्रमुख प्रशासकीय अधिकृत)

नि. प्रमुख प्रशासकीय अधिकृत